# तेस्रो राष्ट्रमा शरणार्थी पुनःस्थापनासम्बन्धी जानकारी

## भुटानबाट आइ नेपालमा बसोबास गरिरहेका शरणार्थीहरू

UNHCR
The UN Refugee Agency

# तेस्रो राष्ट्रमा शरणार्थी पुनःस्थापनासम्बन्धी जानकारी

## (भुटानबाट आइ नेपालमा बसोबास गरिरहेका शरणार्थीहरू)

भूटानबाट आई नेपालमा बसोबास गर्दै आएका शरणार्थीहरूका सन्दर्भमा सिर्जना भएका प्रश्नहरूको उत्तर दिने क्रममा पुनःस्थापनासम्बन्धी आधारभूत जानकारीहरू यसमा प्रस्तुत गरिएका छन् । यसमा संरक्षण घटनाहरूको प्रस्तुति (submission of protection cases) का साथै सामान्य सामूहिक प्रस्तुतिहरू (general group submissions) माथि विचार पुऱ्याइएको छ ।

भूटानबाट आएका शरणार्थीहरूका लागि एक दिगो समाधानका रूपमा अहिल 'पुनःस्थापना' उपलब्ध रहेको छ । पुनःस्थापनाका लागि आवेदन दिन चाहने भूटानी शरणार्थीहरूलाई त्यसो गर्नका लागि स्वीकृति दिन नेपाल सरकार सहमत भइसकेको छ ।

पुनःस्थापना भनेको शरणार्थी तथा उनका परिवारलाई नेपालबाट अर्को तेस्रो राष्ट्रमा बसाइँ सार्नु हो । पुनःस्थापना गराइने राष्ट्रको मानवीय सहयोग कार्यक्रमहरूको अंशका रूपमा उक्त राष्ट्रको सहयोग तथा सहमति प्राप्त गरेर यो कार्य गरिन्छ । पुनःस्थापनालाई स्वीकार गर्ने तथा त्यसका लागि नेपालबाट प्रस्थान गर्ने व्यक्तिहरूलाई नेपालमा रहेका शरणार्थीहरू मानिने छैन र उनीहरू नेपाल फर्के पनि उनीहरूको शरणार्थी हैसियत स्वतः पुनःप्राप्त गर्ने छैनन् । उनीहरू उनीहरूलाई पुनःस्थापित गरिएको राष्ट्रको वैध स्थायी वासिन्दा हुनुका साथै उनीहरूले चाहेको अवस्थामा त्यस राष्ट्रका नागरिक हुनेछन् । स्थिति अनुकूल भएमा भूटान फर्कनेसम्बन्धी शरणार्थीहरूको अधिकारमा तेस्रो राष्ट्रमा गरिने पुनःस्थापनाका कारण अवरोध सिर्जना हुने छैन ।

पुनःस्थापनाका लागि शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त (यूएनएचसीआर) समक्ष निवेदन दिनुको अर्थ स्वतः तेस्रो राष्ट्रमा पुनःस्थापनाका लागि स्थानान्तरण हुने वा स्वीकृत हुनु होइन । कुनै व्यक्ति निश्चित राष्ट्रमा पुनःस्थापनाका लागि अधिकार प्रदान गर्ने वा नगर्ने भन्नेसम्बन्धी अन्तिम निर्णय उक्त राष्ट्रको सरकारले गर्ने गर्दछ । सामान्यतयाः यो कार्य व्यक्तिगत अन्तर्वार्ता लिएर गरिन्छ । यूएनएचसीआरले प्रक्रियाको सहजीकरण मात्र गर्दछ र पुनःस्थापनासम्बन्धी अन्तिम निर्णय गर्ने कार्यमा यसको कुनै भूमिका हुँदैन ।

### पुनःस्थापनाका लागि को योग्य हुन्छन् ?

नेपाल सरकारद्वारा दर्ता गरिएका तथा भूटानबाट आएका शरणार्थीको मान्यता पाएका व्यक्तिहरूमात्रै पुनःस्थापनाका लागि आवेदन दिन योग्य हुन्छन् ।

भूटानबाट आएका शरणार्थीका रूपमा नेपालमा दर्ता भएका कसैलाई पनि पुनःस्थापनाको प्रक्रियामा उनीहरूको उमेर, लिङ्ग, शैक्षिक स्तर, सामाजिक स्थिति, धर्म वा जातीयताका आधारमा कुनै किसिमको विभेद गरिँदैन ।

पुनःस्थापना अधिकार होइन र कुनै व्यक्तिलाई पुनःस्थापनाका लागि स्वीकार गर्ने वा नगर्ने भन्ने निर्णय पूर्ण रूपमा पुनःस्थापना गरिने राष्ट्रमा निर्भर रहन्छ ।

तेस्रो राष्ट्रमा पुनःस्थापना गर्ने कार्य पूर्ण रूपमा स्वेच्छिक प्रक्रिया हो । तपाइँको आफ्नै व्यक्तिगत इच्छा नभएसम्म कसैले पनि तपाइँलाई पुनःस्थापनामा सरिक हुनका लागि सम्झाउने वा बाध्य पार्ने प्रयास कसैले पनि गर्न हुँदैन । तपाइँलाई सम्पर्क गरिएपछि र पुनःस्थापनाका लागि तपाइँले लिखित सहमति दिनुभएपछि मात्र यूएनएचसीआरले पुनःस्थापनासम्बन्धमा विचार गर्नका लागि तपाइँको स्थितिलाई प्रस्तुत गर्ने काम मात्र गर्छ ।

## पुनःस्थापनाका लागि मैले पैसा तिर्नुपर्छ ?

यूएनएचसीआर तथा अन्य निकायहरूबाट उपलब्ध गराइने सम्पूर्ण सेवाहरू निःशुल्क हुन्छन् । पुनःस्थापनाका लागि गरिने कुनै पनि सहयोगका लागि तपाइँले कसैलाई पनि पैसा तिर्नुपर्दैन । तपाइँले कुनै समस्या सामना गर्नुपरेमा वा कसैले पुनःस्थापनासम्बन्धी सेवाका लागि कसैले तपाइँसँग पैसा मागेमा कृपया यूएनएचसीआरलाई सूचित गर्नुहोला । तपाइँका चासोहरू प्राप्त गर्नका लागि शिविरमा यूएनएचसीआरद्वारा राखिएका सम्पूर्ण सुझाव-पेटिकाहरूको पनि उपयोग गर्नुहोला । ती पेटिकाहरूप्रति नियमित रूपमा ध्यान पुऱ्याइनेछ ।

## पुनस्थापनाका लागि म कसरी आवेदन दिन सक्छु ?

यूएनएचसीआरले पुनःस्थापनाका लागि इच्छुक शरणार्थीहरूसम्बन्धी जानकारी पुनःस्थापना गरिने राष्ट्रहरूलाई दिन्छ । सामान्यतयाः पुनःस्थापना गरिने राष्ट्रहरूले शरणार्थीहरूद्वारा व्यक्तिगत रूपमा सिधै दिइएका आवेदनहरू स्वीकार गर्दैनन् ।

यूएनएचसीआरले सन् २००७ को अक्टोबर महिनादेखि तपाइँको दिगो समाधान प्राथमिकताहरूसम्बन्धी जानकारी सङ्कलन गर्न थालनी गर्नेछ । समाधानहरूको उपलब्धता, तपाइँ तथा तपाइँको परिवारको स्थितिका आधारमा सम्भव भएसम्मको सहयोग यूएनएचसीआरले तपाइँ तथा तपाइँको परिवारलाई उपलब्ध गराउनेछ ।

पुनःस्थापनाको प्रक्रियामा समावेश हुन चाहने शरणार्थीहरूले 'अभिरूचिको घोषणापत्र' नामक एउटा छापिएको फाराम भर्नुपर्नेछ । उक्त फाराम यूएनएचसीआरले आफ्ना कर्मचारीहरू, कार्यान्वयन साझेदारहरू तथा शिविरमा कार्यरत अन्य व्यक्तिहरूका

माध्यमबाट शिविरहरूमा व्यापक रूपमा उपलब्ध गराउनेछ । उक्त फाराम घरपरिवारका आधारमा भर्नुपर्नेछ र प्रत्येक वयस्क व्यक्तिले पुनःस्थापनाका लागि विचार गरिनका लागि उनीहरूको सहमति लिखित रूपमा पुष्टि गर्नुपर्नेछ ।

यी फारामहरू निःशुल्क वितरण गरिनेछन् - यी फारामहरूका लागि तपाईंले कुनै शुल्क तिर्नुपर्ने छैन । उक्त फाराम भर्नका लागि तपाईंलाई कुनै सहयोग आवश्यक परेमा कृपया यूएनएचसीआरका कर्मचारीहरूलाई सम्पर्क गर्नुहोला, उनीहरूले तपाईंलाई सहयोग गर्नेछन् । फाराम भर्नमा सहयोग उपलब्ध गराएबापत् पनि तपाईंले कसैलाई पनि कुनै शुल्क तिर्नुपर्दैन ।

फारामहरू स्थानीय कर्मचारीहरू, शिविरहरूमा राखिएका शिकायत-पेटिकाहरूमार्फत् यूएनएचसीआरलाई बुझाउन सकिनेछ वा यूएनएचसीआरको दमकस्थित वा काठमाडौंस्थित कार्यालयमा पठाउन सकिनेछ । पुनःस्थापनाका लागि इच्छुक सबै व्यक्तिहरूलाई यस प्रक्रियाका सन्दर्भमा विचार गरिनेछ ।

प्राप्त भएको 'अभिरूचिको घोषणापत्र' का आधारमा यूएनएचसीआरले सबै शिविरहरूबाट प्राप्त केसहरूलाई सँगसँगै प्रक्रियामा लानेछ ।

यूएनएचसीआरले पुनःस्थापनाका लागि परिवारका प्रत्येक सदस्यहरूको सहमति जाँच गर्न सकोस् भन्ने उद्देश्यले प्रत्येक परिवारलाई सम्पूर्ण वयस्क सदस्यहरू (१८ वर्ष वा त्यसभन्दा बढी उमेरका) सहित उनीहरूका व्यक्तिगत विवरणको समीक्षाका लागि उपस्थित हुन बोलाइनेछ । परिवारहरूले आफ्ना आरसीयू गणना पुर्जा (वा गणनाबाट वितरण भइसकेको भएमा शरणार्थी परिचयपत्र) साथमा लिएर आउनुपर्नेछ । शिविरमा बसोबास गर्दै आएका प्रत्येक परिवारमध्ये कोही पनि तेस्रो राष्ट्रमा पुनःस्थापित हुन चाहने देखिएसम्म नियमित तालिका अन्तर्गत यूएनएचसीआरले सम्पूर्ण शिविरहरूको भ्रमण गर्नेछ ।

इच्छुक सबैजनालाई पुनःस्थापनाका लागि विचार गरिनेछ र यस प्रक्रिया कम्तीमा चार पाँच वर्षसम्म जारी रहने कुरामा शरणार्थीहरूलाई विश्वस्त बनाउनुपर्नेछ ।

## पुनःस्थापना प्रक्रियासम्बन्धी सामान्य जानकारीहरू

पुनःस्थापना गरिने राष्ट्रसमक्ष तपाईंको केसबारे जानकारी प्रस्तुत गर्नका लागि प्रत्येक घरपरिवारसँगको व्यक्तिगत भेटका क्रममा प्राप्त गरिएका जानकारीहरूको प्रयोग यूएनएचसीआरले गर्नेछ । तपाईंको केसबारे कुन राष्ट्रलाई जानकारी दिन सकिन्छ भन्ने निर्णय यूएनएचसीआरले गर्नेछ ।

शरणार्थीहरूसम्बन्धी जानकारी कुन राष्ट्रसमक्ष प्रस्तुत गरिनेछ भन्नेबारे छनौट गर्ने अधिकार शरणार्थीहरूलाई हुँदैन । शरणार्थीहरूको पुनःस्थापनाका लागि यूएनएचसीआरले अपनाउने गरेको यो विश्वव्यापी नीति हो ।

पुनःस्थापना कार्यले सामान्यतयाः आवेदक र उनका नजिकका नातेदारहरूलाई समेट्दछ । पुनःस्थापना उद्देश्यका सन्दर्भमा 'नजिकका नातेदार' भन्नाले श्रीमान/श्रीमतीहरू, बालबालिका तथा अभिभावकहरू भन्ने बुझिन्छ र केही परिस्थितिहरूमा यसमा अन्य नजिकका नातेदारहरू पनि पर्दछन् । तैपनि परिवारहरू टुक्रिन नपरोस् भन्ने उद्देश्यले परिवारका सम्पूर्ण सदस्यहरूलाई सम्भव भएसम्म समेट्नका लागि यूएनएचसीआरले पुनःस्थापना गरिने राष्ट्रहरूसँग प्रयास गर्नेछ । १८ वर्षभन्दा माथिका व्यक्तिहरूले आफ्नो परिवारबाट भिन्नै स्वतन्त्र रूपमा पुनःस्थापनाका लागि आवेदन दिनसक्नेछ; तैपनि पुनःस्थापनाका लागि परिवारहरूले संयुक्त रूपमा आवेदन दिनका लागि यूएनएचसीआर प्रोत्साहित गर्दछ ।

पुनःस्थापना गरिने राष्ट्रसमक्ष यूएनएचसीआरद्वारा प्रस्तुत गरिएका जानकारीहरू स्पष्ट, सङ्क्षिप्त, पूर्ण र सही हुनु अत्यन्त महत्वपूर्ण हुन्छ । पुनःस्थापना गरिने राष्ट्रले तपाईंको केसबारे विचार गर्दा र तपाईं उक्त राष्ट्रमा पुनःस्थापित हुनका लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न भन्नेबारे मूल्याङ्कन गर्दा सोही जानकारीहरूलाई आधार मानेको हुन्छ । यही कारणले गर्दा तपाईंले सही कुरा भन्नुका साथै तपाईंको आवेदनसँग सम्बन्धित कुनै पनि जानकारीहरू लुकाउनुभएको छैन भन्ने कुरा निश्चित गर्नुपर्ने भएको हो ।

पुनःस्थापनाका लागि आवेदन गर्ने सम्पूर्ण व्यक्तिहरूको परिचय र उक्त प्रक्रियामा उपलब्ध गराइएका कुनै पनि जानकारीहरूका सम्बन्धमा उच्च गोप्यता निर्वाह गरिनेछ । संलग्न व्यक्तिहरूद्वारा लिखित रूपमा अभिव्यक्त गरिएको सहमतिबिना कुनै पनि जानकारी वाह्य पक्षहरूलाई उपलब्ध गराइने छैन ।

यस कार्यक्रमका लागि आवेदन दिँदैमा तपाईं पुनःस्थापनाका लागि तेस्रो राष्ट्रमा जानैपर्छ भन्ने आवश्यकता छैन । प्रक्रियाका क्रममा कुनै पनि बेला पुनःस्थापनाका लागि आफूले राखेको निवेदन फिर्ता लिन कुनै पनि आवेदक स्वतन्त्र हुन्छ । तैपनि यसरी आवेदन फिर्ता लिँदा सामान्यतयाः यूएनएचसीआरबाट हुने कुनै पनि पुनःस्थापनासम्बन्धी कार्यक्रममा निवेदन दिने बाटो स्थायी रूपमा बन्द हुन भने सक्छ ।

आफ्नो पुनःस्थापना निवेदनका सन्दर्भमा कुनै पनि जाली काम गर्ने वा गर्न खोज्ने कुनै पनि शरणार्थी यूएनएचसीआरको सहयोगमा गरिने पुनःस्थापना कार्यका लागि सधैँका लागि अयोग्य हुनसक्छन् । जाली कामका उदाहरणहरूमा यस्ता कामहरू पर्छन् : आफ्नो पृष्ठभूमिका बारेमा असत्य जानकारी उपलब्ध गराउनु; जाली परिचय प्रस्तुत गर्नु वा अर्को व्यक्तिको स्थानमा आफूलाई प्रस्तुत गर्नु; आफ्नो परिवारको आश्रयमा नरहेको

व्यक्तिलाई आफ्नो घरपरिवार वा परिवारको व्यक्तिको सूचीमा समावेश गर्न प्रयास गर्नु; पुनःस्थापना प्रक्रियामा पहुँच प्राप्त गर्नका लागि यूएनएचसीआर वा अन्य निकायका कर्मचारीहरूलाई घूस खुवाउनु वा धम्क्याउनु, वा पुनःस्थापनासम्बन्धी सेवाहरूका लागि अन्य शरणार्थीहरूबाट पैसा लिनु वा अन्य सेवाहरू माग गर्नु ।

गलत जानकारी दिनु भनेको आपराधिक कार्य हुनसक्छ र यस्तो कार्य शरण लिइरहेको राष्ट्रका अदालतबाट दण्डनीय हुनसक्छ । गलत दाबीहरूको परिणामस्वरूप तपाईंले पुनःस्थापनाका लागि दिनुभएको निवेदन स्वतः अस्वीकृत हुनसक्छ ।

शिविरमा कुनै केस पहिचान गरिएको समयदेखि यसलाई प्रस्तुत गर्ने र पुनःस्थापना गरिने राष्ट्रबाट स्वीकृत हुने समयसम्मको प्रक्रियाका लागि कति समय लाग्नेछ भन्नेबारे जानकारी उपलब्ध गराउनु सम्भव छैन । यसका अतिरिक्त, नेपालबाट प्रस्थान हुनुपूर्व नेपाल सरकारका निकायहरूबाट पूरा गरिनुपर्ने प्रस्थान औपचारिकताहरू पनि छन् । यस प्रक्रियालाई छिटो बनाउनका लागि यूएनएचसीआरले विभिन्न पुनःस्थापना गरिने राष्ट्रहरू तथा नेपाल सरकारसँग निकटताका साथ काम गरिरहेको छ ।

तपाईंको केसको समीक्षा गर्ने क्रममा निम्नलिखित कुराहरूलाई दृष्टिगत गरिनेछन् :

- छनौट आधार : पुनःस्थापनाका लागि कसलाई स्वीकार गर्ने भन्नेबारेमा निर्णय गर्नका लागि पुनःस्थापना गरिने प्रत्येक राष्ट्रका आ-आफ्नै आधारहरू छन् । सामान्यतयाः, विचार गरिने विषयहरूमा नेपालतर्फ पलायन हुनुका कारणहरू, शिविरहरूमा तपाईंको अवस्था, नयाँ समाजमा सफलतापूर्वक एकीकृत हुनसक्ने तपाईंको क्षमता तथा तपाईंले गम्भीर अपराध गर्नुभएको छ वा छैन जस्ता विषयहरू पर्दछन् ।

- विदेशमा पारिवारिक सम्पर्क : पुनःस्थापनाका लागि विचार गरिनका लागि तेस्रो राष्ट्रमा पारिवारिक सम्पर्क हुनु आवश्यक छैन र तेस्रो राष्ट्रमा कुनै नातेदार वा साथी हुँदैमा कुनै विशेष राष्ट्रमा पुनःस्थापनाका लागि तपाईंलाई स्वतः अधिकारी बनाउँदैन । सम्भव भएसम्म विदेशमा निकटतम नातेदारहरू (श्रीमान्/श्रमितीहरू, अभिभावकहरू, बालबालिका, दाजुभाइ/दिदीबहिनी) सँग पुनःएकीकरण गर्नका लागि पारिवारिक सम्पर्कसम्बन्धी जानकारी उपयोग गरिन्छ ।

  तपाईंका कोही नातेदारले पुनःस्थापनाका लागि पहिल्ये निवेदन दिइसकेको भएमा तपाईंको इच्छा अनुसार तपाईंलाई अन्य पारिवारिक सदस्यहरूसँग पुनःस्थापित गर्नका लागि प्रयास गर्नका लागि त्यससम्बन्धी जानकारी सकेसम्म चाँडो यूएनएचसीआरलाई उपलब्ध गराउनुहोस् ।

- स्वास्थ्यसम्बन्धी आवश्यकताहरू तथा उपचारको उपलब्धता : पुनःस्थापित गरिने राष्ट्रमा उपचारसम्बन्धी उपयुक्त सुविधाहरू छन् वा छैनन् भन्ने थाहा पाउनका लागि तपाइँ तथा तपाइँप्रति आश्रितहरूको स्वास्थ्यस्थितिसम्बन्धी मूल्याङ्कन गरिन्छ ।

- सीपहरू : पुनःस्थापना गरिने केही राष्ट्रहरूका लागि सीपहरू तथा शिक्षा सान्दर्भिक हुँदैन तर केही राष्ट्रहरूले भने पुनःस्थापनाका लागि कुनै शरणार्थीलाई स्वीकार गर्ने वा नगर्ने भन्नेसम्बन्धमा निर्णय गर्दा भाषासम्बन्धी क्षमता, पूर्व कार्य अनुभव तथा शैक्षिक पृष्ठभूमिबारे पनि विचार गर्नसक्छन् । भाषा तथा व्यावसायिक प्रशिक्षण कक्षाहरूबाट तपाइँमा सुधार ल्याउनका लागि शिविरमा उपलब्ध अवसरहरूको उपयोग गर्न तपाइँ सक्नुहुन्छ ।

- छुट्टिएका बालबालिका : आफूलाई जन्म दिने कम्तीमा एक जना अभिभावकसँग नबसेका बालबालिकाका सन्दर्भमा पुनःस्थापना सबैभन्दा उपयुक्त समाधान हो वा होइन भन्नेसम्बन्धमा मूल्याङ्कन गर्न तथा यो कार्य उक्त बालक/बालिकाको सर्वोत्कृष्ट हितमा हुने सुनिश्चित गर्नका लागि यूएनएचसीआरका प्रशिक्षित कर्मचारीले 'सर्वोत्कृष्ट हित निर्धारण' कार्य गर्नेछ ।

## तपाईंको केसबारे पुनःस्थापना गरिने राष्ट्रबाट गरिने विचार

तपाइँको व्यक्तिगत विवरण तथा पुनःस्थापना गरिने राष्ट्रका आवश्यकताहरूका आधारमा यूएनएचसीआरले तपाइँको केसलाई विचारार्थ सबैभन्दा उपयुक्त राष्ट्रसमक्ष प्रस्तुत गर्नका लागि कार्य गर्दछ । यूएनएचसीआरले सम्पूर्ण प्रस्तुतिहरू शरणार्थीको सर्वोत्कृष्ट हितलाई ध्यानमा राखेर गर्दछ । यूएनएचसीआरले एउटा पुनःस्थापना केसलाई उही समयमा एउटाभन्दा बढी राष्ट्रसमक्ष प्रस्तुत गर्दैन ।

यूएनएचसीआरले तपाइँको केसलाई पुनःस्थापना गरिने राष्ट्रमा एकपटक प्रस्तुत गरिसकेपछि तपाइँ तथा तपाइँको परिवारलाई पुनःस्थापनाका लागि स्वीकार गर्ने वा नगर्ने निर्णय पूर्णतयाः उक्त राष्ट्रमा निर्भर रहन्छ । पुनःस्थापनाका लागि तपाइँलाई स्वीकृत गरिएको छ वा छैन भन्नेसम्बन्धमा निर्णयमा यूएनएचसीआरको कुनै पनि किसिमको भूमिका हुँदैन ।

यूएनएचसीआरद्वारा पुनःस्थापनाका लागि प्रस्तुत हुनुको अर्थ पुनःस्थापना गरिने राष्ट्रद्वारा स्वतः स्वीकृत हुनु हो भन्ने होइन भन्ने कुरामा कृपया ध्यान दिनुहोला । पुनःस्थापना गर्ने राष्ट्रले तपाइँलाई उनीहरूको राष्ट्रमा पुनःस्थापनाका लागि उपयुक्त नभएको ठान्न सक्छ र तपाइँको निवेदनलाई अस्वीकृत गर्नसक्छ ।

केही राष्ट्रहरूले अन्तर्वार्ता नगरीकनै निर्णय लिन्छन् भने अधिकांश राष्ट्रहरूले तपाइँ तथा तपाइँको परिवारका प्रत्येक सदस्यहरू सरकारी प्रतिनिधिसँगको अन्तर्वार्तामा उपस्थित हुनुपर्ने प्रावधान राख्न सक्छन् ।

पुनःस्थापना गरिने राष्ट्रले तपाइँको केसलाई अस्वीकृत गरेको अवस्थामा केही राष्ट्रहरूमा पुनरावेदन प्रक्रियामा जान सकिने व्यवस्था छ तर उक्त प्रक्रिया लामो तथा जटिल हुनसक्छ । केही राष्ट्रहरूमा अस्वीकृत केसहरूका लागि पुनरावेदन गर्ने प्रक्रियाको व्यवस्था छैन । सामान्यतयाः, पुनःस्थापना गरिने राष्ट्रहरूले अस्वीकृतिका लागि कारण जनाउँदैनन् । यूएनएचसीआरले तपाइँको फाइललाई विचारार्थ अर्को पुनःस्थापना गरिने राष्ट्रसमक्ष प्रस्तुत गर्नसक्छ; तर यो स्वतः हुने कुरा भने होइन र यो निर्णय अस्वीकृतिका कारणका आधारमा एक एक केसलाई हेरेर गरिन्छ ।

नेपालमा बसोबासको क्रममा तपाइँ कुनै आपराधिक क्रियाकलापमा संलग्न नहुनुभएको वा शरणार्थीको रूपमा तपाइँको हैसियतसँग नसुहाउने कुनै क्रियाकलाप नगरेको हुनु तपाइँको पुनःस्थापना निवेदनका सन्दर्भमा महत्वपूर्ण कुराहरू हुन् । शरणार्थीहरूले नेपालको नियम कानुनका साथै शिविरका नियमहरूको पालना गर्नैपर्छ र शरण लिइरहेको राष्ट्रका निकायहरूलाई सबै कुराहरूमा सहयोग गर्नैपर्छ ।

## स्वास्थ्य परीक्षण

कुनै केसका सन्दर्भमा अन्तिम निर्णय दिनुपूर्व कतिपय पुनःस्थापना गरिने राष्ट्रहरूले स्वास्थ्य परीक्षणको प्रावधान राखेको हुन्छ । पुनःस्थापना गरिने राष्ट्रले आवश्यकता सिर्जना गरेको अवस्थामा तपाइँ तथा तपाइँको परिवारका प्रत्येक सदस्यले स्वास्थ्य परीक्षण गराउनुपर्ने हुनसक्छ ।

सम्पूर्ण शरणार्थीहरूले स्वास्थ्य परीक्षण गराउनमा आफ्नो सहमति रहेको जनाउने एक सहमतिपत्रमा पहिल्यै हस्ताक्षर गर्नुपर्छ । आवश्यक स्वास्थ्य परीक्षण गराउने वा नगराउने भन्ने कुरा तपाइँको आफ्नै निर्णय हो र तपाइँलाई स्वास्थ्य परीक्षण गराउने इच्छा छैन भने त्यसका लागि अस्वीकार गर्न सक्नुहुन्छ । त्यस्तो अवस्थामा, पुनःस्थापना गरिने राष्ट्रले स्वास्थ्य परीक्षण गराउनुपर्ने प्रावधान राखेको छ भने तपाइँको केसलाई प्रक्रियामा लाने कार्य रोकिनेछ र तपाइँले आफ्नो पुनःस्थापनासम्बन्धी आवेदनलाई फिर्ता लिनुभएको छ भन्ने धारणा यूएनएचसीआरले बनाउनेछ ।

तपाइँको स्वास्थ्य परीक्षणको परिणामका आधारमा पुनःस्थापना गरिने राष्ट्रले तपाइँको पुनःस्थापनासम्बन्धी आवेदनलाई अस्वीकृत गर्नसक्छ । यूएनएचसीआरले तपाइँको केसलाई अर्को राष्ट्रसमक्ष प्रस्तुत गर्ने निर्णय गर्नसक्छ तर यो स्वतः हुने कार्य होइन र अस्वीकृत हुनुको कारणका आधारमा केसहरूको समीक्षा गरी यससम्बन्धमा निर्णय गरिन्छ ।

## सांस्कृतिक अभिमुखीकरण

तेस्रो राष्ट्रमा पुनःस्थापनाका लागि स्वीकृत गरिएका व्यक्तिहरूलाई सांस्कृतिक अभिमुखीकरण कार्यक्रममा सहभागी गराइनेछ। केही राष्ट्रहरूले यो कार्यक्रमको आयोजना शरण लिइरहेको राष्ट्रबाट प्रस्थान गर्नुपूर्व आयोजना गर्दछ भने अरुले शरणार्थीहरू उनीहरूको नयाँ राष्ट्रमा आइपुग्दासम्म प्रतीक्षा गर्दछन्। यस कार्यक्रमले तपाइँ तथा तपाइँको परिवारलाई नयाँ राष्ट्रमा एकीकृत हुनका लागि सजिलो बनाउनका लागि सहयोग गर्न पुनःस्थापित गरिने राष्ट्रको जीवनसम्बन्धी महत्वपूर्ण जानकारीहरू उपलब्ध गराउनेछ।

## यात्रा

पुनःस्थापित गरिने राष्ट्रले तपाइँको केसलाई स्वीकार गरिसकेपछि आप्रवाससम्बन्धी अन्तर्राष्टिय सङ्गठन (आईओएम) जस्ता अन्य संस्थाहरूले नेपालबाट तपाइँको नयाँ राष्ट्रसम्मको तपाइँको यात्राका लागि व्यवस्था गर्नेछ।

नेपाल छोड्नका लागि भूटानी शरणार्थीहरूका लागि हाल नेपाल सरकारको यात्रासम्बन्धी कागजपत्र र निर्गमन अनुमति आवश्यक छ। तपाइँ नेपालबाट तेस्रो राष्ट्रका लागि प्रस्थान गर्नुपूर्व नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्गमन अनुमतिपत्र उपलब्ध गराएकै हुनुपर्छ।

सामान्यतयाः यस प्रक्रियामा यूएनएचसीआरको संलग्नता हुँदैन। प्रस्थानको मिति तथा यात्रासम्बन्धी अन्य विषयहरूसम्बन्धी सम्पूर्ण जानकारीहरू जिम्मेवार निकायबाट प्राप्त गर्नुपर्छ। यात्रापूर्व, यात्राका क्रममा र पुनःस्थापना गरिने राष्ट्रमा पुगेपछि के के अपेक्षा गर्नसकिन्छ भन्नेसम्बन्धी महत्वपूर्ण जानकारीहरू प्रस्थान गर्न लागेका सम्पूर्ण शरणार्थीहरूलाई उपलब्ध गराइएको छ भन्ने सुनिश्चित गर्ने कार्य आप्रवाससम्बन्धी अन्तर्राष्टिय सङ्गठन (आईओएम) वा अन्य निकायले गर्नेछ।

## पुनःस्थापना गरिने राष्ट्रमा ग्रहण तथा एकीकरण

पुनःस्थापना गरिने राष्ट्रमा पुगेपछि पुनःस्थापना गरिने राष्ट्रहरूले तपाइँलाई तपाइँको नयाँ समाजमा चाँडोभन्दा चाँडो एकीकृत हुनका लागि सहयोग गर्नेछन् र यस प्रक्रियामा सहयोग गर्नका लागि उनीहरूसँग विशेष कार्यक्रमहरू छन्। पुनःस्थापना स्थायी समाधान हुनसक्छ - पुनःस्थापित शरणार्थीहरूलाई स्थायी वासिन्दाका रूपमा स्वीकारिन्छ र सँगसँगै उनीहरू उनीहरूको नयाँ राष्ट्रको नागरिकताका लागि आवेदन दिन योग्य हुन्छन्। पुनःस्थापित शरणार्थीहरू पुनःस्थापना गरिएको राष्ट्रभित्र यताउता आवतजावत गर्न स्वतन्त्र हुन्छन् र यात्रासम्बन्धी आवश्यक कागजपत्रहरू उपलब्ध गराइएपछि अन्य राष्ट्रहरूमा आवतजावत गर्न पनि स्वतन्त्र हुन्छन्।

सामान्यतयाः, सम्बन्धित राष्ट्रमा पुगेपछि शरणार्थीहरूलाई निश्चित अवधिका लागि आर्थिक सहयोग उपलब्ध गराइन्छ; सहयोगको स्तर तथा अवधि राष्ट्र हेरी फरक फरक हुनसक्छन् र केसको स्थितिमा पनि भर पर्न सक्छन् । पुनःस्थापित शरणार्थीहरू काम गर्नका लागि शारीरिक रूपमा सक्षम छन् भने आफ्नो तथा आफ्नो परिवारहरूको जीवनयापन गर्नका लागि उनीहरूले काम खोजून् भन्ने आशा गरिएको हुन्छ र नवागन्तुकहरूलाई उपयुक्त काम खोज्नका लागि सामान्यतयाः सहयोग उपलब्ध गराइन्छ ।

पुनःस्थापित गरिएका सम्पूर्ण शरणार्थीहरूलाई उनीहरूको नयाँ राष्ट्रमा घुलमिल हुनका लागि सघाउ पुऱ्याउन उनीहरूको नयाँ राष्ट्रको भाषा सिक्नका लागि प्रोत्साहित गरिन्छ । पुनःस्थापना गरिने राष्ट्रमा पुग्नेबित्तिकै बालबालिकालाई सरकारी विद्यालयहरूमा भर्ना गरिनेछ र वयस्कहरू पनि व्यावसायिक प्रशिक्षण तथा विश्वविद्यालय अध्ययनलगायतका शैक्षिक अवसरहरूका लागि योग्य हुनसक्छन् ।

पुनःस्थापित शरणार्थीहरूलाई उपयुक्त आवास, गुणस्तरीय स्वास्थ्योपचारसहितका सेवाहरूमा पहुँच प्राप्त गर्नका लागि सहयोग उपलब्ध गराइनेछ ।

पुनःस्थापित शरणार्थीहरू आफ्ना धर्म मान्न तथा आफ्नो सांस्कृतिक पहिचान तथा परम्परा कायम राख्न स्वतन्त्र हुन्छन् । उनीहरूले आफू पुनःस्थापित गरिएको राष्ट्रको नागरिक बन्ने निर्णय नगरेसम्म मताधिकार वा कुनै पदधारण गर्ने अधिकारबाहेक उक्त राष्ट्रका नागरिहरूलाई उपलब्ध सम्पूर्ण अधिकारहरू उनीहरूलाई पनि उपलब्ध गराइनेछ ।

## कुनै राष्ट्रमा पुनःस्थापित भइसकेपछि म भूटान फर्कन सक्छु ?

पुनःस्थापनाको उद्देश्य तपाईंलाई आफ्नो गृहराष्ट्रमा फर्कनबाट रोक लगाउनु होइन । अन्य राष्ट्रहरूबाट पुनःस्थापित गरिएका कैयौं शरणार्थीहरू पनि आफ्नो घर फर्कन चाहिरहेका छन् र स्थितिमा सुधार आएको समयमा र फिर्ति सम्भव भएको अवस्थामा उनीहरू प्रायः फर्कन्छन् पनि । भूटानले फिर्तिका लागि शर्तहरू निर्धारण गर्ने भए पनि अवस्था अनुकूल भएमा वा भूटान भ्रमण गर्नका लागि व्यावहारिक प्रवेशाज्ञा प्रणाली संरचना अनुरूप भएमा भूटानको भ्रमण गर्ने अधिकार तपाईंमा हुनेछ वा तपाईं भूटान फर्कन सक्नुहुनेछ ।

सुरक्षित तथा सम्मानजनक अवस्थामा आफ्ना नागरिकहरूलाई फिर्ता लिन भूटानी निकायहरूलाई सहमत बनाउन यूएनएचसीआर अन्तर्राष्ट्रिय समुदायसँगको सहकार्यमा आफ्नो प्रयासलाई जारी राख्नेछ ।

## थप जानकारी

पुनःस्थापना प्रक्रियासम्बन्धमा तपाईंसँग अरु कुनै प्रश्नहरू छन् भने तपाईंले शिविरमा रहेका यूएनएचसीआरका कर्मचारीहरूलाई सिधै सम्पर्क गर्न सक्नुहुन्छ वा यूएनएचसीआरलाई पत्र लेखी शिविरमा रहेका यूएनएचसीआरका पत्र-मञ्जुश्राहरूमध्ये एउटामा खसाल्न सक्नुहुन्छ ।

यूएनएचसीआरका कर्मचारीहरू तपाईंको प्रश्नको उत्तर तत्काल दिन असमर्थ भएमा हामी तपाईंका प्रश्नहरूलाई उपयुक्त स्रोतकहाँ पठाउनेछौं र सकेसम्म छिटो तपाईंलाई उत्तर उपलब्ध गराउनेछौं ।

(यो जानकारीपत्रबारे नेपाल सरकारलाई जानकारी गराइएको छ ।)

**नेपालमा युएनएचसीआरको प्रतिनिधित्व**
पोष्ट बक्स नं. २३७४
१ धारा मार्ग, अनिल कुटी
महाराजगञ्ज, काठमाडौं

टेलिफोन नं. ९७७-१-४४१२५२१, ४४१४७२४
फाक्स नं. ९७७-१-४४१२८५३
ई-मेल : nepka@unhcr.org

**युएनएचसीआर दमक उप-कार्यालय**
भृकुटी चोक दमक - ११
झापा, नेपाल

टेलिफोन नं. ९७७-२३-५८०१७४, ५८२२१६, ५८२२४५
फाक्स नं. ९७७-२३-५८०१६१
ई-मेल : nepjh@unhcr.org